किसानका अधिकार: नीतिगत व्यवस्था, कार्यान्वयन अवस्था र अवको आवश्यकता

लेखनाथ आचार्य, सह-सचिव,

इन्द्रहरि पौडेल, उपसचिव,

वासुदेव काफ्ले, उपसचिव

कृषि विकास मन्त्रालय

प्रस्तूतीको खाका

- किसान अधिकारको आधारभूत अवधारणा
- मौजुदा नीतिहरुमा किसान अधिकारको व्यवस्था
- मूख्य चूनौतीहरु र अबको बाटो

पृष्ठभूमी

- कृषि-मानव सभ्यताको आधार र मानव जातीको आधारभूत आवश्यकताको श्रोत
- **हिजोको कृषि-** हाम्रो धर्म,संस्कृती, परमपरा र रिती रिवाज
- **आजको कृषि-** कूल गार्हस्थ उत्पादनमा एकतिहाँई योगदान र करिव दुई तिहाँई जनसंख्या आस्रीत,
- कृषक घरधुरी- ३८ लाख ३१ ह्जार परिवार
- जग्गाको स्वमित्व- ३७ लाख १५ हजार परिवार
- कृषि पेशामा संलग्नता- उमेर पुगेका ७३ प्रतिशत महिला र ६० प्रतिशत पुरुष
- **भोलीको कृषि-** औद्योगीकरणको प्रमुख आधार/रोजगारी एवं कच्चापदार्थको स्रोत

पृष्ठभूमी .....

- प्रस्तुत पृष्ठभूमिमा कृषि विकासले अपेक्षित गती लिन नसकेको,
- कृषि पेशा मर्यादित र सम्मानित पेशाकोरुपमा आकर्षक हुन नसकेको,
- यूवा पुस्ताको काहालीलाग्दो पलायन,
- समयको अन्तराल र वदलिदो परिवेश सँगै कृषिका प्रमुख पात्र- किसानहरुको अधिकार र तीनको संरक्षण सम्बन्धि आवाजहरु विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय फोरमहरुमा उठने गरेको,
- नेपालमा पनि यो प्रसंग समय सापेक्षहुदै गएको र सम्बोधनका लागि विभिन्न नीतिगत व्यवस्थाका प्रयासहरु भैरहेको । यसो हुनसके मात्र, कृषिमा आधुनीकीकरण, विविधीकरण, व्यवसायिकरण भई खाद्य तथा पोषण सुरक्षा सुश्चित र गरिवी न्यूनीकरण भई जीवनस्तर उठ्न सम्भव ।

किसान अधिकार

"किसान अधिकार" भन्नाले परम्परागत तथा आर्जित किसानको सिप, ज्ञान, प्रविधि, रैथाने वालीको जात, विउ, किसानले विकास गरेको जात र बीउ, कृषिमा प्रयोग हुने प्राकृतिक स्रोत र आधारभूत कृषि सामाग्रीमा किसानको पहुँच र अधिकारलाई सम्झनु पर्छ । **(राष्ट्रिय किसान आयोग गठन कार्यकारी आदेश २०७३)**

किसान अधिकार

आनुवंशिक स्रोतको आधारमा किसान अधिकार

- जैविका तथा आनुवंशिक स्रोत र यस सम्बन्धी परम्परागत ज्ञानको संरक्षण, सम्बर्द्धन, उपयोग र व्यापारिक प्रयोजनबाट प्राप्त लाभको समन्यायिक बाँडफाँडमा कृषकहरुको सुनिश्चित पहुँच नै किसान अधिकार हो ।

किसान अधिकार समग्रमा

- दिगो रुपमा मर्यादित र सम्मानित तवरले कृषि पेशा अवलम्बन गर्न किसानलाई आवश्यक पर्ने गुणस्तरीय उत्पादन सामाग्री एवं सेवा/टेवाको समयमै प्राप्ति नै किसान अधिकार हो ।
- खाद्य सुरक्षा एक प्राविधिक अवधारणा, खाद्य सम्प्रभूता एक राजनीतिक तथा आर्थिक अवधारणा हो भने किसान अधिकार खाद्य अधिकार जस्तै एक कानूनी अवधारणा हो ।

किसानका अधिकार: FAO को नजरमा

- Farmers' Rights are basically about enabling farmers to continue their work as stewards and innovators of agricultural biodiversity, and about recognizing and rewarding them for their contribution to the global pool of genetic resources. (FAO/ITPGRFA)

- Farmers' Rights consist of the customary rights of farmers;
- to save, use, exchange and sell farm-saved seed and propagating material, their rights to be recognized, rewarded and supported for their contribution to the global pool of genetic resources as well as
- to the development of commercial varieties of plants, and
- to participate in decision making on issues related to crop genetic resources.

Elements of Farmers Right

(IPTGRFA, Article 9)

The four elements are:

i. protection of traditional knowledge,
ii. benefit sharing,
iii. participation in decision-making and
iv. the rights to save, use, exchange and sell farm-saved seed.

प्रमुख सवाल/चुनौतीहरु

- किसानका अधिकार सम्बन्धि सचेतना,
- उत्पादन स्रोत सामाग्रहरुको न्यून उत्पादकत्व
- उत्पादन सेवा, स्रोत सामाग्रहरुमा पँहुच
- कृषि विकासका कार्यक्रमहरुमा लक्षित समूदायको पहुँच (औपचारीक पहुँच करिव २० प्रतिशत)
- गुणस्तरीय उत्पादन सेवा, समाग्रीमा पहुँच,
- रैथाने, बाली/जात/नश्ल/परंपरागत ज्ञान सिपहरु- लोपोन्मुख, न्यून सदुपयोग,
- बहुराष्ट्रिय कम्पनीहरु संगको प्रतिस्पर्धा
- मौजुदा नीतिहरुको समय सापेक्ष परिमार्जन (WTO, संघियता आदि)
- नीति निर्माण/परिमार्जनमा किसानहरुको सहभागीता

Farmer's Right in the Constitution of Nepal

(नेपालको संविधानमा किसानको हक अधिकार सम्बन्धि व्यवस्था)

मौलिकहक र कर्तव्य: धारा ३६- खाद्य सम्बन्धी हक :

(१) प्रत्येक नागरिकलाई खाद्य सम्बन्धी हक हुनेछ ।

(२) प्रत्येक नागरिकलाई खाद्यवस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने हक हुनेछ ।

(३) प्रत्येक नागरिकलाई कानून बमोजिम खाद्य सम्प्रभुताको हक हुनेछ ।

राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व

५१. राज्यका नीतिहरुः

(ङ) कृषि र भूमिसुधार सम्बन्धी नीति : (१) भूमिमा रहेको दोहोरो स्वामित्व अन्त्य गर्दै किसानको हितलाई ध्यानमा राखी वैज्ञानिक भूमिसुधार गर्ने, (२) अनुपस्थित भू-स्वामित्वलाई निरुत्साहित गर्दै जग्गाको चक्लाबन्दी गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने, (३) किसानको हक हित संरक्षण र संवर्धन गर्दै कृषिको उत्पादन र उत्पादकत्व बढाउन भूउपयोग नीतिको अवलम्बन गरी भूमिको व्यवस्थापन र कृषिको व्यवसायीकरण, औद्योगिकीकरण, विविधीकरण र आधुनिकीकरण गर्ने, (४) भूमिको उत्पादनशीलता, प्रकृति तथा वातावरणीय सन्तुलन समेतका आधारमा नियमन र व्यवस्थापन गर्दै त्यसको समुचित उपयोग गर्ने, (५) कृषकका लागि कृषि सामग्री, कृषि उपजको उचित मूल्य र बजारमा पहुँचको व्यवस्था गर्ने ।

(ञ) सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति :

(६) मुक्त कमैया, कम्हलरी, हरवा, चरवा, हलिया, भूमिहीन, सुकुम्बासीहरूको पहिचान गरी बसोबासका लागि घर घडेरी दृढ तथा जीविकोपार्जनका लागि कृषियोग्य जमीन वा रोजगारीको व्यवस्था गर्दै पुनःस्थापना गर्ने,

Major Agriculture Related Policies in Nepal

१	राष्ट्रिय कृषि नीति, २०६१
२	कृषि व्यवसाय प्रबर्द्धन नीति, २०६३
३	कृषि जैविक विविधता नीति, २०६३
४	राष्ट्रिय चिया नीति, २०५७
५	राष्ट्रिय कफी नीति, २०६०
६	दुग्ध विकास नीति, २०६४
७	राष्ट्रिय बीउ विजन नीति, २०५६

Major Agriculture Related Policies in Nepal

८	राष्ट्रिय मल नीति, २०५८
९	सिंचाइ नीति, २०६०
१०	पन्छीपालन नीति, २०६८
११	खर्क नीति, २०६८
१२	पुष्प प्रवर्द्धन नीति, २०६९
१३	राष्ट्रिय भू-उपयोग नीति, २०६९
१४	राष्ट्रिय सहकारी नीति, २०६९

Major Agriculture Related Policies in Nepal

१५	वाणिज्य नीति, २०६५
१६	जलवायु परिवर्तन नीति, २०६७
१७	औद्योगिक नीति, २०६७
१८	आपूर्ति नीति, २०६९
१९	विज्ञान तथा प्रविधि नीति, २०६१
२०	जैविक प्रविधि नीति, २०६३
२१	कृषि यान्त्रिकरण प्रवर्द्धन नीति, २०७१
२२	कृषि जैविक विविधता नीति, २०६३
२३	वन नीति, २०७१

Farmer's right in the National Agriculture Policy 2061

(राष्ट्रिय कृषि नीति २०६१ म किसानका अधिकार सम्बन्धि व्यवस्था)

राष्ट्रिय कृषि नीति, २०६१ (लक्षित वर्ग (दलित, उत्पीडित, सीमान्तकृत, कृषि श्रमिक आदि) का लागि विशेष कार्यक्रम

- भूमिमा पहुँच/अधिकार - मौजुदा कानूनी हकबन्धी कार्यान्वयन, प्रगतिशील कर व्यवस्था, भूमि करार कानून व्यवस्था ।
- उत्पादन सेवा सामाग्रीमा पहुँच/अधिकार - करार/कबुलियतमा बाँझो जग्गा, पोखरी, घोल, जलाशय आदि उपलब्ध गराई बीउ बिजन, प्राविधिक सेवा निशुल्क, सहुलियत ऋण, साना सिंचाई पूर्वाधारमा विशेषत छुट/सुविधा ।

राष्ट्रिय कृषि नीति, २०६१ (लक्षित वर्ग (दलित, उत्पीडित, सीमान्तकृत, कृषि श्रमिक आदि) का लागि विशेष कार्यक्रम

- खाद्य वस्तुमा पहुँच/अधिकार - खाद्य न्यून क्षेत्रमा खाद्यान्न उपलब्धता वृद्धि तथा आय वृद्धि, अन्यत्रबाट खाद्यान्न आपूर्ति सुनिश्चित गर्नुपर्ने अवस्थामा खाद्य वस्तु ढुवानी, संचय र वितरणमा स्थानीय निकायको सहभागितामा खाद्यान्न संचय एवं परिचालन संजालको विकास ।

राष्ट्रिय कृषि नीति, २०६१ (लक्षित वर्ग (दलित, उत्पीडित, सीमान्तकृत, कृषि श्रमिक आदि) का लागि विशेष कार्यक्रम

- खाद्य तथा पोषण सुरक्षा कवच (Safety Nets) - आधा हेक्टर भन्दा कम जमिन भएका, वर्षभरि सिंचाई सुविधा नभएका कृषक, भूमिहीन र सीमान्त कृषकका लागि खाद्य तथा पोषण सुरक्षा कवचको विकास गर्दै लगिने
-

Farmer's right related issues in the National Agrobiodiversity Policy 2071

(कृषि जैविक विधिधता नीति २०७१ मा किसानका अधिकार)

सामाजिक अधिकार (Social *Rights (Right to participation)*

- कृषि जैविक विविधता प्रचुर रहेका स्थलहरुको पहिचान र संरक्षण गरिने छ । त्यस्ता स्थलहरुमा कृषकको सहभागितामा कृषि जैविक विविधता संरक्षण क्षेत्रको विकास गरिने छ ।
- बाली प्रजनन, पशुपंक्षी नश्ल सुधार, जलाशय तथा जलाधार व्यवस्थापन कार्यक्रममा स्थानीय अनुवंशीक श्रोत, परम्परागत तथा आधुनिक ज्ञानको उपयोगलाई प्रोत्साहन दिइने छ । सो क्रममा कृषकको सहभागीतालाई विशेष महत्व र प्रोत्साहन दिइने छ ।
- कृषि जैविक विविधताको संरक्षण र दिगो उपयोग सम्बन्धी स्थानीय र राष्ट्रिय स्तरमा हुने निर्णय प्रक्रियामा कृषक तथा स्थानीय समुदायको सहभागीता सुनिश्चित गर्ने व्यवस्था मिलाइनेछ ।

आर्थिक अधिकार *Economic Rights*

- कृषकले विकास गरेका र संरक्षण एवं उपयोग गर्दै आएका वनस्पती, पशुपंक्षी र अन्य प्राणीका जात एवं प्रविधि उपयोग गरी उत्पादन र विक्रि वितरण गर्न पाउने अधिकारमा कुनै हस्तक्षेप हुन नदिने व्यवस्था गरिने छ । बीउबिजनको जर्गेना, साटासाट र पुनप्रयोग र उत्पादन गरी जोगाएको बीउबीजन विक्रिवितरण गर्न पाउने कृषक अधिकारमा बाधा पर्ने गरी कुनै कानुन बनाइने छैन ।

- कृषि अनुवंशिक पदार्थ र श्रोत एवं परम्परागत ज्ञानमाथि पहुँचबाट सिर्जीत लाभको बाँडफाँडमा कृषकको हिस्सा सुनिश्चित गर्ने व्यवस्था मिलाइने छ ।

आर्थिक तथा सामाजिक अधिकार
(Economic Right and Social Rights (Right to participation)

- कृषि जैविक विविधताको दीगो उपयोगका लागि सरकारी, कृषक समुदाय (महिला, आदिवासी, जनजाती र उपेक्षित वर्ग) तथा निजी क्षेत्रको सहकार्य एवं साझेदारीमा उत्पादन वृद्धि, रोजगारी एवं आयमुलक कार्यक्रम सञ्चालन गरिने छ ।

अन्य नीतिहरुमा कृषक अधिकार सम्बन्धी मूख्य व्यवस्था

- कृषकको परम्परागत ज्ञानको खोज, प्रवर्द्धन र उपयोगका लागि महिला, आदिबासी, जनजाती र विपन्न वर्गलाई समाहित गरी आवश्यक कार्यक्रम सञ्चालन ।
- बौद्धिक सम्पत्ति अधिकार सम्बन्धी नीति तथा कानुनहरुबाट कृषकको अधिकार माथि प्रतिकुल प्रभाव नपर्ने व्यवस्था मिलाईने ।
- कृषि जैविक विविधता संरक्षण कार्यमा संलग्न कृषकहरु पहिचान गरी अभिलेखीकरण गर्ने र तिनलाई कृषि जैविक विविधता संरक्षण, संवर्द्धन र उपयोगका लागि प्रोत्साहित गरिने ।
- गुणस्तरिय उत्पादन सेवा/सामाग्रीहरुमा सर्वसुलव पँहुच ।
- सुलभ ऋण, बीमा, कृषकमैत्री कर प्रणाली को अवलम्बन ।
- सार्वजनिक, नीजि, सहकारी साझेदारीमा कृषि (PPP)

Farmer's right in the ADS (2015-35)

कृषि विकास रणनीतिमा किसानका अधिकार

१. खाद्य तथा पोषण सुरक्षा
२. गरिवी न्यूनीकरण
३. कृषि व्यवसायमा प्रतिस्पर्धात्मकता
४. उच्च र अझै थप समतामूलक आय
५. किसानहरूका आधिकार सुरक्षित र सुदृढ

समावेशीकरण

दिगोपन

निजी क्षेत्र, सहकारी क्षेत्र

सु सम्वन्ध /सम्पर्क

सुशासन | उत्पादकत्व | नाफामूलक व्यवसायीकरण | प्रतिस्पर्धात्मकता

एडीएसको रणनीतिक रूपरेखा

किसानहरूका अधिकार

- कृषि विकास रणनीति को प्रतिवेदन राष्ट्रिय किसान सञ्जाल समेतको सहकार्यमा तयार ।
- योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन र रणनीतिको कार्यान्वयनमा किसानहरूको सहभागिता सुनिश्चित गर्न संस्थागत संयन्त्र प्रदान (विभिन्न समितीहरुमा प्रतिनिधित्व - NADSIC, NADSCC, CADIC, RADC, DADC, NARC, CAESC -सामुदायिक कृषि प्रसार सेवा केन्द ३,१५७)
- किसानहरूका अधिकारहरूको सुरक्षालाई एडिएस को सुशासनको रणनीतिक संभाग अन्तर्गतका गतिविधिमा समेटिने गरी विकास गरिने ।
- किसानहरूका अधिकारहरूलाई सुनिश्चित गर्न र विभिन्न नीतिगत/संरचनागत संयन्त्रमा किसानको प्रतिनिधित्वका लागि एक उच्च स्तरीय अधिकार सम्पन्न र स्थायी प्रकृतिको किसान आयोग गठन गरिने ।

अबको आवश्यकता

- किसानका अधिकार सम्बन्धि सचेतना अभिवृद्धि र बहस पैरवी
- राष्ट्रिय किसान आयोगलाई संवैधानिकता प्रदान
- मौजुदा कानून, नीति नियमहरुको प्रभावकारी कार्यान्वयन
- अत्यावश्यक थप ऐन, कानूनहरुको निर्माण र कार्यान्वयन (राष्ट्रिय किसान आयोग ऐन/नीयमावली/निर्देशिका, खाद्य अधिकार र खाद्य संप्रभूता ऐन, करार खेती ऐन, बजार ऐन, भूउपयोग ऐन आदी)।
- अन्तराष्ट्रियमहासन्धी (Convention) तथा अभिसन्धि (Protocol) र प्रतिवद्धताहरुलाई यथोचित कानूनीरुप
- वदलिदो परिवेश (WTO, संघियता आदि) अनुरुप नीति निर्माण/परिमार्जन
- नीति निर्माणमा लक्षित समुदायको अर्थपूर्ण सहभागिता
- किसान सामाजिक सुरक्षाको व्यवस्था
- किसान कल्याण कोष/पेन्सन स्किम
- किसानहरुको वैज्ञानीक वर्गिकरण
- किसान परिचयपत्र वितरण
- किसान/समूहको स्थानीय तहमा दर्ता/पञ्जीकरण

अबको आवश्यकता

- गुणस्तरिय उत्पादन श्रोत साधन र सेवा टेवामा किसानको सर्वसुलभ पँहुच (बजार, बीमा, सुलभ कर्जा आदि समेत)
- उत्पादीत वाली वस्तुहरुको आवश्यक पूर्वाधार सहित, भण्डारण र बजारीकरण
- रैथाने, बाली/जात/नश्ल/परंपरागत ज्ञान सिपहरुको अभिलेखीकरण एवं संरक्षण, र विवेकपूर्ण सदुपयोग, लाभको समन्यायिक बाँडफाड
- दायित्व र जिम्मेवारी प्रति सम्बद्ध सवैको जवाफदेहिता

जैविक विविधता, आनुवंशिक स्रोत र परम्परागत ज्ञानमा किसानको अधिकार

नेपालको अवस्था

- **नेपाल-** जैविक विविधताको देश
- विश्वमा नेपालको स्थान
  - **कूल क्षेत्रफल** - ०.१ प्रतिशत
  - जैविक विविधतामा अत्यन्त धनी (२५ औं)
  - **फूल फुल्ने बिरुवाहरु** - ४.२ प्रतिशत (एशियामा १० औं)
- कृषिमा विकासे प्रविधिको प्रयोगसँगै ठूलो परिमाणका आनुवंशिक स्रोत र परम्परागत ज्ञान लोप/लोपोन्मुख/जैविक चोरी ?
- आदिवासी जनजाति लगायतका किसान नै यसका मुख्य स्रोत/धनी र संवाहक
- यिनीहरुको वैधानिक संरक्षण, सम्बर्द्धन, विवेकपूर्ण सदुपयोग र प्राप्त लाभको बाँडफाँड नै आजको आवश्यकता

केही अन्तर्राष्ट्रिय सन्धी सम्झौताहरु र नेपालको प्रतिबद्धता

१. जैविक विविधता सम्बन्धी महासन्धी (CBD)

- सन् १९९२ - ब्राजिलको रियो दि जेनेरियोमा दिगो विकास र वातावरण सम्बन्धी संयुक्त राष्ट्र संघीय सम्मेलन (पृथ्वी सम्मेलन) सम्पन्न नेपालको पनि सहभागिता ।
- उक्त सम्मेलनमा पारित दिगो विकास सम्बन्धी ५ वटा Agenda मध्ये CBD पनि एक ।
- CBD मा नेपालद्धारा तत्कालै हस्ताक्षर र सन् १९९३ (२०५०) मा प्रतिनिधि सभाद्धारा अनुमोदन भई नेपाल पक्ष राष्ट्र भएको ।
- **सिद्धान्तः**
  - कुनै पनि देशभित्र जैविक तथा आनुवंशिक स्रोतमाथिको सार्वभौम अधिकार उक्त देशको सरकारसँग रहने ।
  - पृथ्वीमा पाइने जैविका तथा आनुवंशिक स्रोतहरुको संरक्षण गर्नुपर्दछ र संरक्षण गर्ने नाममा उपयोग भन्दा टाढा राख्नु हुँदैन ।
  - त्यस्ता स्रोतलाई उपयोगमा ल्याउन सबै पक्ष राष्ट्रले राष्ट्रिय कानून निर्माण गरी सोही कानून मार्फत स्रोतमा पहुँच चाहने पक्षले स्रोत उपलब्ध गराउने पक्षको पूर्व सुसूचित सहमति लिनुपर्ने र स्रोतको दुई पक्षीय उपयोगबाट प्राप्त हुने लाभको समन्वन्यायीक बाँडफाँड गर्नुपर्ने ।
- **उद्देश्यः**
  - जैविक विविधताको संरक्षण
  - जैविका तथा आनुवंशिक स्रोतको दिगो उपयोग
  - आनुवंशिक स्रोतमा पहुँच, उपयोग र लाभको बाँडफाँड (ABS)

केही अन्तर्राष्ट्रिय सन्धी.....

२. नागोया प्रोटोकल (Nagoya Protocol)

- CBD को माथि उल्लेखित ३ वटा उद्देश्य मध्ये तेस्रो उद्देश्य (ABS) प्राप्ति बारे जटिलता देखिएपछि समाधानको लागि सन् २००२ मा पक्ष राष्ट्रहरुको एक कार्य टोली गठन ।
- उक्त टोलीद्धारा ६ वर्ष लगाएर नागोया अभि(Nagoya Protocol on Access to Genetic Resources and the fair and Equitable Sharing of Benefits Arising from their utilization)सन्धी तयार
- उक्त प्रोटोकललाई सन् २०१० मा जापानको नागायोमा सम्पन्न CBD बैठकद्धारा अंगिकार
- नागोया प्रोटोकलमा हालसम्म ९६ राष्ट्रद्धारा दस्तखत, सन् २०१४ सम्म ५३ राष्ट्रद्धारा अनुमोदन गरी लागू । तर नेपालले हालसम्म हस्ताक्षर र अनुमोदन दुवै नगरेको ।
- यस सम्बन्धी मुख्य जिम्मेवार संस्था (Competent Authority) का रुपमा रहेको वन तथा भू-संरक्षण मन्त्रालयले हालै यस सम्बन्धी ऐन (विधेयक) तर्जुमा प्रक्रिया अगाडि बढाएको ।

केही अन्तर्राष्ट्रिय सन्धी.....

३. खाद्य तथा कृषिको लागि वानस्पतीक आनुवंशिक स्रोत सम्बन्धी अन्तर्राष्ट्रिय सन्धी (ITPGRFA)

- नागोया प्रोटोकल कार्यान्वयनमा आउन नसक्दा CBD कार्यान्वयन सम्बन्धी बाधा फुकाउन ITPGRFA को जन्म सन् २००१ मा । नेपालद्धारा सन् २००९ मा अनुमोदन भई कार्यान्वयनको लागि विभिन्न पहल भइरहेको ।

केही अन्तर्राष्ट्रिय सन्धी.....

३. खाद्य तथा कृषिको लागि वानस्पतीक आनुवंशिक स्रोत सम्बन्धी अन्तर्राष्ट्रिय सन्धी (ITPGRFA)

- **विशेषता:**
  - खास गरी खाद्य सुरक्षाको लागि अपरिहार्य ६४ वटा वालिका जातमाथि बहुपक्षीय पहुँच तथा लाभको बाँडफाँड सम्बन्धी व्यवस्था
  - कृषि पद्धतिको परम्परागत अभ्यासद्धारा कृषिजन्य आनुवंशिक स्रोतको संरक्षण गर्ने कृषक समुदायको हक सुनिश्चित गर्न कृषक अधिकारलाई पनि पहिलो पटक अन्तर्राष्ट्रिय स्तरमा देहाय अनुसार परिभाषित

    - ✓ सम्बन्धित कृषिजन्य आनुवंशिक स्रोतसँग सम्बन्धित कृषकको आफ्नो परम्परागत ज्ञानको संरक्षण गर्ने अधिकार,
    - ✓ सम्बन्धित कृषिजन्य आनुवंशिक स्रोतको उपयोगबाट प्राप्त हुने लाभमा समन्यायिक सहभागिताको अधिकार,
    - ✓ राष्ट्रियस्तरमा कृषिजन्य आनुवंशिक स्रोतसम्बन्धी नीति बनाउने प्रक्रियामा सहभागी हुन पाउने अधिकार, र
    - ✓ बीउ संचय, साटासाट र पुनःप्रयोग तथा खेतमा जोगाइएका बीउ बिक्री वितरण गर्न पाउने अधिकार

केही अन्तर्राष्ट्रिय सन्धी.....

४. **विश्व व्यापार संगठन (WTO) को बौद्धिक सम्पत्ति सम्बन्धी अधिकार (TRIPS)**

- सन् २००४ (२०६१) मा सदस्यता प्राप्त गरी यस सम्बन्धी सन् २०१३ सम्म पूरा गर्नुपर्ने पूर्व शर्तहरु कार्यान्वयनको क्रममा ।
- **विशेषता:**
  - धारा २७३ (ख) ले WTO को प्रत्येक सदस्य राष्ट्रलाई Patent वा कुनै प्रभावकारी मौलिक पद्धति (Effective Sui Generis System) वा दुवैको समिश्रणद्धारा बिरुवाको जातको संरक्षण गर्न बाध्य तुल्याइएको ।
  - वानस्पतिक जात सम्बन्धी TRIPS को वर्तमान प्रावधानले प्रजनन्कर्ताको कार्यलाई प्रोत्साहित गर्न बौद्धिक सम्पत्तिको अधिकारको व्यवस्था गरेको । तर कृषक तथा समुदायको अधिकार तथा हकहित र व्यापारिक उपयोगबाट प्राप्त हुने लाभको बाँडफाँड बारे त्यति संवेदनशील नरहेको ।
- नेपालले सदस्यता लिने क्रममा मौलिक पद्धतिद्धारा बिरुवाका जात संरक्षणको व्यवस्था मिलाउन प्रतिबद्धता जनाएको ।
- WTO को TRIPS बाट फाइदा लिन नेपालले CBD र TRIPS प्रावधान बीच सामञ्जस्यता कायम गर्ने गरी ऐन कानून बनाउन आवश्यक जसबाट प्रजनन्कर्ता र कृषक दुवैले फाइदा लिन सक्ने ।

केही अन्तर्राष्ट्रिय सन्धी.....

अवको आवश्यकता (Way Forward)

- प्रजनन्कर्ताको अधिकार सँगै कृषक अधिकार समेत संरक्षण गर्न कृषि क्षेत्रमा वैज्ञानिक अनुसन्धान र विकासलाई प्रोत्साहित गर्न बौद्धिक सम्पत्ति अधिकार (Patent Right) का साथै त्यसबाट सिर्जित लाभमा प्रजनन्कर्ता र किसान समुदायको समेत हक स्थापित हुने गरी राष्ट्रिय हित र आवश्यकता अनुकूलको मौलिक खालको (बिरुवाको जात संरक्षण ऐन) निर्माण तथा कार्यान्वयन । जस्तैः
  - आनुवंशिक स्रोतमा पहुँच दिनु अघि पूर्व सुसूचित सहमति लिनुपर्ने,
  - स्रोतको व्यवासायिक उपयोगबाट प्राप्त लाभको समन्यायीक बाँडफाँड हुनुपर्ने,
  - बौद्धिक सम्पत्तिको अधिकार आवेदन गर्दा माउ स्रोतको विवरण खुलाउनु पर्ने ।

केही अन्तर्राष्ट्रिय सन्धी.....

- देशभित्रका जैविका तथा आनुवंशिक स्रोत र सम्बन्धित परम्परागत ज्ञानमाथि अधिकार दाबी गर्ने आधारको रुपमा वैज्ञानिक अभिलेखिकरण ।
- कृषकमैत्री कानून निर्माण/कार्यान्वयन र यसमा सम्बन्धीत कृषक/समुदायको सहभागीता संस्थागत रुपमा सुनिश्चित गर्ने ।
- **संस्थागत संरचनाको विकास -** स्थानीय तथा राष्ट्रिय स्तरका बीउ बैंक तथा जीन बैंकको स्थापना, जीन फण्डको व्यवस्था, अभिलेखालयको स्थापना र विकास आदि ।
- कृषक समुदायको सशक्तिकरण एवं चेतना अभिवृद्धि ।
- किसान अधिकार सम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रि स्तरमा बहस पैरवी ।
- तालीम तथा स्कुल कलेजको शैक्षिक पाठ्यक्रममा समावेश ।
- अनुसन्धान र प्रसारको नियमित कार्यक्रममा आन्तरिकीकरण ।
- नियमित अनुगमन/पृष्ठपोषण ।

धन्यवाद